Reg. 20/1205/057/058

*Media for Human Rights and Democracy*

# मानव अधिकार सञ्चार प्रतिष्ठान, नेपाल

# Institute of Human Rights Communication Nepal (IHRICON)

च.नं.

**प्रेस विज्ञप्ति**

२०७३ असोज ४

## विद्यालयमा बम राख्ने कार्यको भर्त्सना

राजधानीका विभिन्न विद्यालयमा मंगलबार विहान बम फेला परेको खबरप्रति मानवअधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन) को गम्भीर ध्यानाकर्षण भएको छ ।

बौद्धको आकाशद्वीप बोर्डिङ स्कुल र मनकामना उच्च माविमा बम बिष्फोट भएको, ललितपुरको रेडियन्ट स्कुलमा प्रेसरकुकर बम भेटिएको, बौद्धकै राई स्कुल र इस्टपोल स्कुलमा शंकास्पद बस्तु फेला परेकोले सम्पूर्ण विद्यालय र बालबालिका एवम् अभिभावकमा आतंक फैलिएको अवस्था छ ।

विद्यालयमा विष्फोटन हुँदा मानवीय क्षति भने नभए पनि भौतिक क्षति पुगेको र बम राखिएको जानकारी पाउनासाथ सुरक्षाकर्मीको बम डिस्पोजल टोलीले बम निष्क्रिय बनाएका कारण अन्य क्षति नभए पनि अभिभावक तथा बालबालिकामा मानसिक आघातको अवस्था सिर्जना भएको देखिन्छ । अन्तर्राष्ट्रिय महासन्धिअनुसार बालबालिका र उनीहरु अध्ययन गर्ने विद्यालयजस्ता ठाउँ शान्ति क्षेत्र हुन्, त्यसमा कुनै पनि प्रकारको राजनीतिक वा विष्फोटनजस्ता हिंसात्मक गतिविधि गर्न वर्जित छ । मानवीय सभ्यतालाई सम्मान गर्ने समाजले निन्दनीय गतिविधिका रुपमा लिएको यस प्रकारको कार्य जो सुकैले गरेपनि निन्दनीय छ ।

बम राखिएका ठाउँमा फेलापरेको पर्चामा निजी विद्यालयहरुले आफ्ना मागहरु सम्बोधन नगरेको, वार्षिक २ लाख ४० हजारभन्दा कम आय भएका नागरिकका बालबालिकालाई निजी विद्यालयमा निशुल्क पढाउने काम नभएको, निजी विद्यालयले सरकारी पाठ्यपुस्तकअनुसार अध्ययन-अध्यापन नगराएको, विद्यालयले तोकेको स्थानबाट मात्र ड्रेस पुस्तक लगायत सामग्री नल्याएकोजस्ता आमनागरिकसँग सरोकार राख्ने शैक्षिक सन्दर्भ उठाएको भएतापनि विद्यालयमा बम विष्फोट गराउने कार्यलाई सही सावित गर्न कदापि सकिन्न । हामी यस प्रकारका कार्यलाई तत्काल रोक्न, क्षमायाचनाका साथ बाहिर आउन बम राख्ने पक्षलाई आह्वान गर्नुका साथै, नेपाल सरकारले राजनीतिक विषयलाई उचित किसिमले सम्बोधन गर्न र फौजदारी गतिविधिलाई कानुनी दायरामा ल्याई कारबाही चलाउन पनि अपिल गर्दछौं ।

अमृता लम्साल
अध्यक्ष

HUMAN RIGHT COMMUNICATION NEPAL
मानव अधिकार संचार प्रतिष्ठान, नेपाल
IHRICON

P.O. Box No.: 5188, Thapathali, Kathmandu, Nepal, Tel: 977-1-~~4253943~~, Fax: 977-1-~~4216148~~ ५५४५२०५